# म्यागङ गाउँपालिकाको नीति तथा कार्यक्रम

**श्रीमान गाउँसभा अध्यक्ष ज्यू,**

तथा गाउँसभा सदस्यहरु।

नेपालको संविधान जारी भएपछि दोस्रो पटक सबै स्थानीय तह र वडाको निर्वाचन सम्पन्न भई यस म्यागङ गाउँपालिकाको गाउँसभाको समेत सबै पदाधिकारी तथा सदस्यहरु पुर्ण भइसकेको छ। यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनमा सहदात प्राप्त गर्नु हुने सहिदहरु प्रति म भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। सात दशक लामो बलिदानीपूर्ण सङघर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ। यी सङ्घर्ष र आन्दोलनमा नागरिकले पुर्याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोर्याई रहनेछ। स्थानीय तहको निर्वाचन सफलतापूर्वक सम्पन्न गराउने निर्वाचन आयोग, सहयोग पुर्याउने राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय तथा यस प्रक्रियमा संलग्न राजनीतिक दल, सङ्घसंस्था र आम नागरिक सबैप्रति यस स्थानीय सरकार आभार व्यक्त गर्दछ।

जनचाहना अनुरुप नागरिकहरुको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहने स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुद बनाएको छ। नयाँ जनादेशसहित निर्धारित समयमा नै स्थानीय तहको गठन भएसँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशामा अग्रसर रहन थप सबल आधार प्राप्त भएको छ।

**श्रीमान गाउँसभा अध्यक्ष ज्यू,**

यसै सन्दर्भमा म यस म्यागङ गाउँपालिकाको आ. व. २०७९/०८० को नीति तथा कार्यक्रम सभामा पेश गर्नु गइरहेको छु।

स्थानीय तहको दोस्रो निर्वाचन पश्चात पहिलो नीति तथा कार्यक्रमको रुपमा यस गरिमामय गाउँसभा समक्ष म्यागङ गाउँपालिकाको आगामी आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरबको महशुस भएको छ।सीमित साधन स्रोत र गाउँपालिका संस्थागत विकास भइ नसकेको अवस्था र स्थानीय जनताको गाउँपालिका प्रतिको अधिक अपेक्षाको बाबजुत गाउँपालिकाले स्थानीय तहको पूर्वाधार विकास र समग्र क्षेत्रको समृद्धिको लागि दृढ संकल्पित भइ अगाडी बढेको बिषय सर्वविदितै छ। यसकै विचमा कोरोना रोगको महामारीबाट विश्वमै ठूलो मानवीय र आर्थिक संकट पैदा भएको अवस्थामा यो रोगले सिर्जना गरेको स्वास्थ्य संकट न्यूनिकरण तथा सो बाट

तहसनहस भएको यहाको आर्थिक कृयाकलापलाई सवलिकरण गर्न यस म्यागङ गाउँपालिकाबाट लिएको विगतको नीति तथा कार्यक्रमहरु सफल भएको विश्वास गर्दछौ।

यसै सन्दर्भमा यस म्यागङ गाउँपालिकाले चालु आ. व. मा विविध विषयगत क्षेत्रमा भए गरेका प्रगतिहरु म यस सभामा संक्षिप्त राख्न गइरहेको छु।

**श्रीमान गाउँसभा अध्यक्ष ज्यू,**

माथि उल्लेखित प्रगतिको बाबजुत कोभिडको असर तथा प्रभाव र हाल देशमा चलेको आर्थिक स्खलनताको असरबाट सिर्जना भएको चुनौती र बढ्दो म्यागङ बासीको सुखि, समृद्धिको आकाङ्क्षाबाट सिर्जित चुनौती सामना गर्दै यस गाउँपालिकाले सुशासन विकास र समृद्धिको आधारशिला तयार गर्दै सामाजिक न्याय र पूर्वाधार विकास सहितको समृद्ध , सुन्दर सुखि र सुसंस्कृत गाउँपालिका निर्माणमा हाल पेश भएको आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रम केन्द्रित हुनेछ।

**नीति तथा कार्यक्रमको सोचः** सुन्दर, सुखी, सु-संस्कृति र समृद्ध म्यागङ।

**लक्ष्यः** सुशासनको प्रत्याभूति सहितको समतामूलक दिगो सामाजिक, आर्थिक विकास भएको हुने ।

**उद्धेश्यहरुः**

१. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरि व्यावसायिक कृषि/पशुपालनको विकास र विस्तार गर्नु।
२. म्यागङ गाउँपालिका अन्तर्गतका रमणीय पर्यटकीय गन्तव्य पहिचान गरि तिनको विकास गर्नु।
३. भएका उद्यमीहरुको स्तर उन्नती गर्नु, नयाँ उद्यामी सिर्जना गर्नु र म्यागङ बासीलाई आत्मनिर्भर उद्यमशीलताको विकास गर्नु।
४. स्थायी, मर्यादित र विश्वसनीय बैङ्क तथा वित्तीय संघसंस्था तथा सहकारीको विकास र विस्तारको माध्यमबाट सबैमा वित्तीय पहुच र उत्पादनशील लगानी बृद्धि गर्नु।
५. उचित पारिश्रमिक सहितको मर्यादित रोजगारीको सिर्जना गर्नु।
६. शिक्षाको गुणस्तर अभिवृद्धि गर्दै प्राविधिक शिक्षा विशेष जोड दिदै दक्ष जनशक्तिको उत्पादन गर्नु।
७. भएका सबै स्वास्थ्य संघसंस्थाहरुको सवलिकरण गरि गुणस्तरीय सेवाको सुनिश्चित गर्नु र मातृमृत्युदर, बालमृत्युदर, कुपोषणको समस्यालाई घटाइ औषत आयु वृद्धि गर्नु।

८. समाजमा विद्यमान सबै प्रकारका विभेद, हिंसा, कुरीति, कुसंस्कारको अन्त्य गर्दै न्यायिक सम्पादन प्रक्रियालाई छोटो छरितो र भरपर्दो हुनेगरी विकास गर्दै आम म्यागङ बासीमा न्यायिक अनुभूति गराउनु।

९. पालिका केन्द्र, वडा केन्द्र र लगायतका सबै स्थानहरुमा जोड्ने सडकहरुको स्तरोन्नति गर्दै सबै मौसममा चल्न सक्ने स्तरमा पुर्याउनु।

१०. खेतियोग्य जमिनमा सिचाँई सुविधा विकास र विस्तारका साथै प्रकोप जोखिम क्षेत्रबाट सुरक्षित स्थानान्तरण गरि मानव जिवनको संरक्षण गर्नु।

११. संघ प्रदेश संग समन्वय, सहकार्य गर्दै यस स्थानीय तहको सर्वाङ्गिण विकास गर्नु।

१२. किसान, उद्यामी, सहकारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समिति र अन्य कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्दै सबैबाट सम्पादित कार्यहरुमा गुणात्मक अभिवृद्धि गरि दिगो तथा स्थायीत्व सुनिश्चितता गर्नु ।

१३. सूचना तथा प्रविधिको प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी जवाफदेही र सबैको सहभागिता मुलक बनाई म्यागङ बासीमा सुशासनको अनुभूति गराउनु।

**श्रीमान गाउँसभा अध्यक्ष ज्यू,**

**बार्षिक नीतिकार्यक्रम तथाबजेट तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

आगामि आ.व.२०७९/०८० को नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा देहायका बिषयहरुको आधारमा तयार गरिएको छ।

क) नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लेखित स्थानिय तहको एकल तथा साझा अधिकारहरु

ख) नेपालको संविधानमा उल्लेखित मौलिकहकहरु

ग) नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली

घ) स्थानिय सरकार संचालन ऐन २०७४ ले निर्देशित गरेका व्यवस्थाहरु

ङ) नेपाल सरकारको पन्धौं आवधिक योजनाले लिएका नीति तथा प्राथामिकताहरु,

च) संघीय सरकारले अवलम्बन गरेमा आर्थिक तथा वित्तिय नीतिहरु

छ) स्थानीय तहले तय गरको प्राथामिकताहरु,

ञ) नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु,

झ) विकासको समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगोविकास, जलवायु परिर्वतन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशि विकास, वालमैत्री स्थानिय शासन, वातावरण मैत्री स्थानिय शासन लगायतका अन्तरसम्बन्धित विषयहरु

ञ) परिवर्तित परिस्थितिमा कोभिड-१९ ले सिर्जना गरेका चुनौतीहरु र प्राथमिकता क्षेत्रहरु

**श्रीमान गाउँसभा अध्यक्ष ज्यू,**

**१. आर्थिक विकास**

**(क) कृषि तथा पशुपालन**

- सबै वडामा कृषि पकेट क्षेत्रको पहिचान गरि ब्याबसयिक तरकारी तथा फलफुल उत्पादन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । साथै कृषकहरुको योगदानलाई सम्मान गर्न उत्कृष्ट किसानहरु छनौट गरि पुरस्कृत गरिने छ।
- गाउँपालिका मा रहेका सम्पुर्ण कृषकहरुको तथ्याङ्क संकलन तथा अध्यावधिक गरि व्यवस्थित अभिलेखिकरण गरिनेछ। साथै कृषि समुहहरुको गठन तथा पुनर्गठन गरी व्यवस्थित अभिलेखीकरण गर्नुको साथै प्रभावकारी परिचालनमा जोड दिइनेछ।
- गाँउपालिका का सबै वडा समेटने गरि बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट)विकास कार्यक्रम सञ्चालन तथा निरन्तरतागरिनेछ।
- निशुल्क माटो परिक्षण व्यवस्था मिलाई माटो उर्वर शक्ति सवलिकरण गरिनेछ।
- गाउँपालिका भित्र उत्पादित कृषि उपजलाई भण्डारण गर्न शीत गृह निर्माण गरी सञ्चालन गरिनेछ।
- यस म्यागङ गाउँपालिकाको भोगोलिक बनावट सुहाउदो कृषि तथा पशुपालन सम्बन्धि जानकरी मुलक किताब तथा भिडियो डकुमेन्ट्री बनाई कृषकलाई साक्षर बनाईने छ।
- नगदेबालीको रुपमा रहेको चिया खेतिलाई विकास गर्न चिया प्रशोधन केन्द्र निर्माण गरिनेछ।
- रैथाने बाली हरुको संरक्षण र सम्वर्द्धन को लागि रैथाने वाली प्रवर्द्धन गर्नुका साथै राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली वस्तु साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट)विकास कार्यक्रम संचालन गरिने छ।

- गाउँपालिकाले निश्चित मापदण्ड र कार्यविधि निर्धारण गरि कृषि तथा पशुपन्छि विकासको क्षेत्रमा मागमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ। मागमा आधारित अनुदान कार्यक्रमको लागि कृषि समुह तथा सहकारीलाई प्राथमिकता दिइनेछ।
- कृषि उपजको बजारिकरणको लागि साप्तहिक हाटबजार निर्माण स्थान तथा संकलन केन्द्र निर्माण गरिनेछ।
- गाँउपालिकामा पशु कृत्रिम गर्भाधारण कार्यक्रमलाईनिरन्तरता दिइनेछ।
- स्थायी रुपमा कृषि तथा पशुका प्राविधिक कर्मचारीहरु पदपूर्ति नभए सम्मको लागि एक गाँउ एक प्रविधिकको रुपमा करारमा कार्यरत कर्मचारीहरुलाईनिरन्तरता दिईने छ।

**(ख) लघु-उद्योग/ व्यवसाय तथा वाणिज्य /रोजगार**

- स्थानिय स्तरमा रोजगारी सृजना गर्न लघु उद्यममा सम्बन्धी तालिमहरु संचालन गर्दा बिदेशबाट रोजगारी गुमाई फर्किएका बेरोजगार युवाहरु, दलित तथा महिलाहरुलाई प्राथमिकता दीई कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका होटल, पसल लगायत सबै व्यवसायलाई अनिवार्य रुपमा दर्ता गर्न ब्याबसाय दर्ता शिविर संचालन गरी ब्यबस्थित गरिनेछ । साथै सबै ब्याबसायमा मूल्य सुचीराख्न प्रोत्साहित गर्नेछ ।
- लघु उद्योगमा संलग्न उद्यमीहरुको प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्नुको साथै गाउँपालिका क्षेत्र भित्र रहेका उद्यमीहरुको स्तरोन्नती गरिनेछ।
- म्यागङ गाँउपालिकाका प्रत्येक वडाहरुलाई एक वडा एक उत्पादन, वडागत पहिचान उत्पादन तथा पकेट क्षेत्रका रुपमा विकास गरिनेछ । यसरी एक वडा एक उत्पादन, वडागत पहिचान वा पकेट क्षेत्रका रुपमा विकास गर्दा स्थानिय स्रोतहरुको परिचालनमा जोड दिई बजार व्यवस्थापनमा सहजीकरण गरीनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई ढाँचा परिवर्तन गरि स्थानीय तहको सहकार्यमा खेतियोग्य बाँजो जमिन पहिचान गरि रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई कृषि तथा उत्पादनमुलक क्षेत्रमा रोजगारी प्रदान गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस म्यागङ गाउँपालिका कार्यालय (रोजगार सेवा केन्द्र) मा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई आगामी आ. व. २०७९/०८० मा कामका लागि

पारिश्रमिकमा आधारित आयोजनाहरुमा ८८ जना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरुमा ४३ जना गरि जम्मा १३१ जनालाई न्युनतम रोजगारीको प्रत्याभूति गरिनेछ।

**(ग) सहकारीः**

- सहकारीको सुदृढिकरणको लागि Copomis तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरि सहकारीको स्थापना व्यवस्थापन र स्थायित्वको सुनिश्चितता गरिनेछ।
- सहकारी सम्बन्धीकानुनहरु कडाइका साथ परिपालन गरि सहकारी संस्थाहरुको संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।गाउँपालिका क्षेत्रभित्र कार्यरत सहकारी संस्थाहरुको नियमनमा कडाइ गरी नियमित प्रतिवेदन प्रणालीलाई अनिवार्य गरिनेछ।

**घ) पर्यटन तथा संस्कृति प्रवर्धनः**

- गाउँपालिका अन्तर्गतका धार्मिक तथा साँस्कृतिक महत्वका पर्यटकीय गन्तव्य पहिचान गरि तिनको विकास गरिनेछ।
- यस गाँउपालिका भित्रको पर्यटन क्षेत्र पहिचान गरि प्रचार प्रसारको निम्ति गाउँपालिकाको भिडियो प्रोफाइल तयार गरिनेछ।
- गाँउपालिका क्षेत्र भित्र होमस्टे सेवा प्रवर्द्धनको लागि उद्यमीहरु पहिचान गरि  तालिम प्रदान गरिने छ।
- गाउँपालिका अन्तर्गत विविध स्थानहरु धार्मिकता प्रवर्द्धनको लागि भित्तेलेखन गरिनेछ।
- यस गाँउपालिकामा  चलन चल्तिमा रहेको प्राचिन, ऐतिहासिक तथा साँस्कृतिक परम्परागत जात्रालाई पहिचान अभिलेखीकरण गरी  सम्पुर्ण साँस्कृतिक परम्पराको संरक्षणमा जोड दिइनेछ।
- टुडीपार्कमा पानी, विजुली, इन्टरनेटको सेवा सहितको आधारभूत सुविधा सम्पन्न बासघर निर्माण गरिनेछ।

**<u>२.पूर्वाधार विकास</u>**

- बिदेशबाट रोजगारी गुमाई फर्किएका युवाहरुलाई अनुभव, सीप, कार्य क्षमताको आधारमा स्थानीय स्तरमा रोजगारी प्रदान गरिनेछ ।
- गाउँपालिकाको सबै बस्तिहरुलाई जोड्ने सडकहरुलाई व्यवस्थित गर्ने, सुदृढिकरण गर्ने रसर्वयाम संचालन योग्य बनाइनेछ।

- चलिरहेको तथा नवनिर्माण हुने सडकहरु निर्माण गर्दा वातावरणमैत्री सडक बनाउन बायो इन्जिनियरिङ (Bio Engineering) लाई बिषेश जोड दिईने छ। साथै गाउँपालिका केन्द्र देखि वडा सम्म जोड्ने सडक स्तरोन्नतीलाई विशेष प्राथमिकतामा राखिनेछ।
- पुर्वाधारहरुको नियमित तथा दिगो रुपमा संचालन गर्न मर्मत सुधारको लागी छुट्टै मर्मत तथा सम्भार कोषको स्थापना गरी नियमित रुपमा संचालन हुने ब्यबस्था गरिनेछ ।
- राष्ट्रिय भवन सहिंता तथा मापदण्ड बमोजिम गा.पा. स्तरीय कार्यविधि निर्माण गरि यस अघिनै निर्माण सम्पन्न भएका घरहरुको अभिलेखीकरण तथा नयाँ निर्माण हुने भवनहरुको नक्सापास गर्ने कार्यलाई अनिवार्य गरिने छ।
- नवनिर्मित पालिका भवनको फर्निचर तथा फर्निसिङको कार्य सम्पन्न गरि यसै वर्ष राष्ट्रिय स्तरको जनप्रतिनिधिहरुबाट समुदघाटन गरि सोहि ठाउँबाट सार्वजनिक सेवा प्रवाह गरिनेछ।
- आकस्मिकता तथा विपदलाई मध्य नजर गरि पालिकामा कम्तिमा एउटा हेलिप्याड निर्माण गरिनेछ।

**घ) उपभोक्ता समिति**

- उपभोक्ता समिति मार्फत निर्माण हुने सम्पुर्ण योजनाहरुको हकमा लागत सहभागिता न्यूनतम १०% कायम गरिनेछ। तर सबै सदस्यहरु दलित वा महिला भइ गठित उपभोक्ता समितिमा लागत सहभागीमा छुट गरिनेछ। आगामी आर्थिक बर्षमा उपभोक्ता समितिबाट संचालन गरिने आयोजनाहरुको सम्झौता चैत मसान्तसम्म हुने व्यवस्थालाई निरन्तरता दिईनेछ। साथै उपभोक्ता समितिहरुबाट ज्येष्ठ मसान्तसम्म आयोजना सम्पन्न गर्नुपर्ने व्यवस्था अनिवार्य रुपमा लागु गरिनेछ।

**ङ) सिंचाई**

- कृषकहरुको माग तथा प्राथमिकताका र आवश्यकताको पहिचान गरि संचालनमा रहेका सिंचाई आयोजना र नयाँ निर्माण हुने आयोजनाहरुका लागि जनसहभागितामा निर्माण कार्य सुनिश्चित हुने गरी उपभोक्ता समुह मार्फत संचालन गरिनेछ।
- पक्की सिचाँई आयोजनाहरु पहिचान गरि पालिका, प्रदेश र संघ सरकारको सहयोगमा निर्माण गरिनेछ। तत्काल सिचाँई उपलब्ध गराउनुपर्ने खेत सम्म पाइपाको व्यवस्था गरिनेछ।

**३.सामाजिक विकास**

(क) शिक्षाः

- **हाम्रो स्कुल राम्रो स्कुल** भन्ने नाराका साथ विद्यालय सुधार योजना निर्माण गरि लागु गरिनेछ।

- अध्यक्ष छात्रवृद्धि कार्यक्रममा कोष खडा गरि हरेक वर्ष दलित जेहेन्दार आर्थिक अवस्था कमजोर भएको SEE पास गरेको ५ जना विद्यार्थीलाई माध्यामिक शिक्षाको लागि आवश्यक खर्च व्यवस्थापन गरिनेछ।
- नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको अधिकारक्षेत्र भित्र रहकोमा गाउँपालिका क्षेत्रभित्र संचालित विद्यालयको शैक्षिक गुणस्तर सुधारमा गाउँपालिकाले विशेष प्राथमिकता दिनेछ।
- विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा अनिवार्य रुपमा भर्ना गर्ने वातारण निर्माण गरिनेपालको संविधान र अन्तराष्ट्रिय प्रतिबद्धता अनुसार शिक्षामा सबै बाल बालिकाहरूको पहुँच सुनिश्चित गर्न विद्यालय नजाने बालबालिकाको संख्या शुन्य बनाइनेछ।
- विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउने, वैकल्पिक शिक्षाको गुणस्तर बृद्धि गर्ने, सबै विद्यालयलाइ विज्ञान र प्रविधिसँग, इन्टरनेट सहितको कम्प्युटर तथा सूचना प्रविधिको विकास गर्ने बालमैत्री विद्यालय निर्माण गरिनेछ।सबै विद्यालयलाई इन्टरनेट सहित digital को विद्यालय निर्माण गरिनेछ।
- विद्यालयमा अध्ययनरत किशोरीहरुलाई स्वच्छ महिनावारीको लागि सबै बिद्यालयमा निशुल्क प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिका अन्तरगत रहेका सबै सामुदायिक विद्यालयहरुमा प्रारम्भिक वाल विकास देखि ६ सम्म अध्यनरत सबै बालबिलकाहरुलाइ स्थानीय स्तरमा उपलब्ध पोषण युक्त र स्वथकर दिवा खाजा खुवाउनका लागि घरेलु उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम निरन्तरता दिइनेछ ।दिवा खाजा लाइ थप व्यवस्थित गर्न साप्ताहिक मेनु निर्धारण, पत्रु खाजा निषेध गर्नुका साथै विद्यालयमा एक जना सम्पर्क शिक्षक तोकिनेछ र नियमित अनुगमनको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- विद्यालय हाता तथा आसपासको क्षेत्रमा अस्वस्थकर खाद्य सामाग्रीहरु अर्थात पत्रु खानाको विक्री वितरण र प्रयोग निषेध गरिने
- दिवा खाजा व्यवस्थापनको लागि कार्यविधि बनाई, अनुगमन, मूल्यांकन र बहुक्षेत्रीय समन्वय समितिलाई सक्रिय बनाईनेछ।
- दिवा खाजा कार्यक्रमलाइ प्रभावकारी बनाउन निजी क्षेत्र तथा स्थानीय गैर सरकारी संघसंस्था र निकाय संग समन्वय र साभेदारीलाई निरन्तरता दिइनेछ ।

- हरेक आधारभूत विद्यालयको शिशु कक्षामा मन्टेस्वरीको आधारभूत सामाग्रिहरुको उपलब्धता गराइनेछ।
- यस गाउँपालिका भित्रको सामुदायिक विद्यालयबाट विद्यालय तह पार गरि उच्च/प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई कार्यविधि बनाई प्रोत्साहन गरिनेछ।
- कक्षा ४-५ र कक्षा ६-८ को स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरिनेछ ।
- विद्यालय अनुगमन तथा सुपरीवेक्षण सुचकमा आधारित बनाइ थप प्रभावकारी बनाइने छ।
- दरबन्दी अनुसारको शिक्षकहरुको  ब्यबस्था नभएका बिद्यालयहरुमा स्रोत ब्यबास्था गरी गुणस्तरीय शिक्षा सुनिशचित गर्ने वातावरण मिलाईनेछ ।
- शैक्षिक गुणस्तर सुधार तथा क्षमता विकासको लागि प्र. अ., लेखापाल, शिषकहरु, बालविकास कार्यकर्ता, व्यवस्थापन समितिको तालिमको व्यवस्था गरिनेछ।
- विद्यालयमा कार्यरत बाल शिक्षक, लेखापाल, का. स. र निजी स्रोतका शिक्षकलाई आगामी आर्थिक वर्ष मा प्रोत्साहनको प्याकेज ल्याइनेछ।
- शिक्षकको क्षमता विकास का कार्यक्रम संचालन  गरिनुका साथ साथै उत्कृष्ठ शिक्षक तथा विद्यार्थीलाइ पुरुस्कृत गरिनेछ ।
- विद्यालयको हाता भित्र हरियाली वातावरण निर्माणका लागि **एक विद्यालय एक बगैचाः एक विद्यार्थी एक विरुवा** नीति तथा उत्कृष्ट बगैचा भएको विद्यालयलाई पुरस्कृत गरिनेछ।

**(ख) स्वास्थ्यः**

- आगामी आर्थिक वर्ष मा कम्तिमा १ वटा एम्बुलेन्सको व्यवस्था गरिनेछ।
- अध्यक्षज्यु सँग जेष्ठ नागरिक कार्यक्रम मार्फत जेष्ठ नागरिकलाई सम्मान गरि नसर्ने रोगहरको पहिचान/स्क्रिनिङ गरिनेछ।
- उपाध्यक्षज्यू सँग महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गरि महिला सम्बन्धी विविध रोगहरु पहिचान गर्ने गरि विभिन्न शिविर सञ्चालन गरिनेछ तथा सुनौलो हजार दिनका हरेक महिलाहरुलाई पोषण व्याग सहितको कोसेलीको व्यवस्था गरिनेछ। स्वास्थ्य मापदण्ड बमोजिम गर्भवती जाँच गराउने महिलालाई अण्डा झण्डा कार्यक्रम सञ्चालन गरिनेछ।
- कोभिडबाट संक्रमित बिरामीहरुको उपचारमा कुनै कमी हुनदिइने छैन र आवश्यक स्वास्थ्य सामाग्री देउराली प्राथमिक स्वास्थ्य केन्द्रमाउपलब्ध तथा व्यवस्थापन गरिनेछ। होम

आईसोलेसनमा बस्नेहरुको लागी स्वास्थ्य सामग्रिको उपलब्ध गराउनुका साथै स्वास्थ परामर्शको सहज ब्यबस्था गरिनेछ ।

- गाउँपालिका का सबै बर्थिङ सेन्टर हरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन अक्सिजन सिलिन्डर, नेबुलाईजर लगायतका सामाग्रीहरुको यथोचित प्रबन्ध मिलाईनेछ र हरेक गर्भवती को सबै प्रकारको जाँचलाई निशुल्क गरिनेछ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा स्थायी स्वास्थ्यकर्मी नियुक्ति भई नआए सम्म हाल करार सेवामा कार्यरत स्वास्थ्यकर्मीलाई निरन्तरता दिईने छ।
- ६० बर्ष उमेर पुगेका महिला स्वास्थ्य स्वयं-सेविकालाई स-सम्मान आर्थिक प्रोत्साहन सहित बिदाई गरि नयाँ नियुक्ति गरिने छ।
- वडामा रहेका बर्थिङ सेन्टरहरमा अल्ट्रासाउन्ड सहितको गर्भ जाँचलाई निरन्तरता दिइनेछ।
- गर्भवती महिलालाई सुत्केरी गराउन स्वास्थ्य संस्थामा ल्याउन सहयोग गर्ने महिला स्वास्थ्य स्वयं सेविकालाई रु ५०० प्रोत्साहन स्वरुप उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ।गाउँपालिका भित्रको बर्थिङ सेन्टरमा सुत्केरी गराउन नसक्ने अवस्था आइ अन्यत्र लैजान सिफारिस भएको अवस्थामा मापदण्ड बनाइ ऐम्बुलेन्स भाडा बापत अधिकतम रु ५००० सम्म सुत्केरी महिलालाई प्रदान गरिनेछ।
- सबै स्वास्थ्य संस्थाहरुमा आबश्यक औषधीको पर्याप्त ब्यबस्था गरिनेछ । जनताको घरदैलोमा स्वास्थ्य सेवा प्रदान गर्न निशुल्क स्वास्थ्य शिविरहरु संचालन गरि लक्षित वर्ग को स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ।

(ग) खानेपानी

- खानेपानी तथा सरसफाई गुरु योजना (WASH MasterPlan)निर्माण गरि गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाईको कार्यलाई व्यवस्थित गरिनेछ।
- **"स्वास्थ्यको लागि पानी सबैको लागि पानी"** नारा सहित खानेपानी आयोजनाहरुलाई अवस्था अनुसार, मर्मत संभार संरक्षण गरी १ घर १ धाराको नीति अनुरुप उपभोक्ताको मागमा आधारित सहयोग कार्यक्रम संचालन गरिनेछ। साझेदार संस्थाहरुको सहयोगमा खानेपानी आयोजनाहरु निर्माण गरिनेछ।

घ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण

- "२० वर्ष पारि विहेवारी" नारा सहित यस पालिका अन्तर्गत माध्यामिक शिक्षा (कक्षा १२) उतिर्ण गरि २० बर्ष पुरा गरि विवाह गरिने चेलीको परिवारलाई धन्यावाद स्वरुप प्रति परिवार १० हजार सहयोग गरिनेछ।
- बालबालिका, महिला, दलित, आदिवासि जनजाति, युवा, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, विपन्न वर्ग र क्षेत्रलाई प्रतिस्पर्धी जनशक्तिको रुपमा सशक्त बनाउन क्षमता विकास, सामाजिक सशक्तिकरण, सिपमुलक तालिम र आयआर्जनका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बाल विबाह अन्त्यको लागि बालबिबाह मुक्त अभियान सञ्चालन तथा निरन्तरता गरिनेछ।
- बालक्लवको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका नीति, ऐन, नियम, कार्यविधि बनाई, लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरिनुका साथै पालिका स्तरीय अभिमुखीकरण गर्दे योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता बढाउन पहल गरिनेछ ।
- पोषण मैत्री र बाल मैत्री स्थानीय तह घोषण गर्न प्रोत्साहन कार्यक्रमहरुर बाबुआमा विहिन बालबालिका संरक्षण सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय विकासकोष मार्फत पालिकाको हरेक वर्ष १० उद्यमीको विकास गर्नेछ र सो को लागि सामुहिक जमानीमा बिना धितो २ लाख रुपैया सम्म दिइनेछ।
- विभिन्न आयआर्जनका लागि सिप विकास तालिम (जस्तैः मोटर साईकल, मोवाइल, सवारी चालक, कम्प्युटर, कपाल काट्ने, प्लम्विङ्ग, कुकआदि) लाभग्राही छनौट गर्दा जोखिम (एकल महिला, जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति आदी) प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालनलाई निरन्तरता गरिनेछ ।
- जोखिममा रहेका समुदायलाई उपलव्ध राज्यका सेवा, सुविधा, नीति, कानुन र संवैधानिक व्यवस्था र पालिकाले उपलब्ध गराउने सेवा तथा सुविधाका सम्वन्धमा एकदिने अभिमुखिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाँउपालिका भित्रका महिला समुहहरुको गठनलाई प्रोत्साहन दिइ समुहको लागि नेतृत्व विकास सम्बन्धी तालिमलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिक परिचयपत्र, अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र, एकल महिला परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ।

- लक्षित वर्गको कार्यक्रम मार्फत दलित समुदायको परम्परागत उद्यमशिलता विकासको क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ।

ङ) युवा तथा खेलकुद

- एक गाउँ एक पार्क सहित आगामी आर्थिक वर्षमा कम्तिमा १ वडाबाट एउटा पार्क निर्माण सुरु गरिनेछ।
- गाँउपालिका स्तरीय राष्ट्रपति रनिङसिल्ड प्रतियोगितालाई निरन्तरता दिईने छ। साथै गाँउपालिका स्तरीय अन्य खेलकूद कार्यक्रमलाईलाई प्रवर्द्धन गरिनेछ।

च) सरसफाई तथा फोहोरमैला व्यवस्थापन

- **"स्वच्छ गाउँपालिका स्वास्थ्य गाउँपालिका"** निर्माणकोलागि प्रत्येक वडामा गठनहुने टोल सुधार समिति मार्फत फोहोरमैला व्यवस्थापन गरिने छ ।
- टोल सुधार समितिको सिफारिसमा गाउँपालिकाले उचित स्थानमा ल्याण्ड फिल साइडको व्यवस्था गरिनेछ र प्रत्येक गाउँमा सडकको २ किनारामा सौन्दर्यकरण गरिनेछ।

<u>४. वन, वातावरण तथा विपद व्यवस्थापन</u>

- गाउँपालिकामा विपद व्यवस्थापन ऐन, नियम, कार्यविधि तयार गरि गाँउपालिका र वडा स्तरमा रहेको विपद व्यवस्थापन समितिहरु पुनर्गठन गरी विपद व्यवस्थापन कार्यलाई प्रवाभकारी बनाईने छ ।प्रकृतिक प्रकोपको संभावना पहिचान गरि विपद व्यवस्थापन न्यूनीकरण कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनको लागि गाउँपालिकामा विपद व्यवस्थापन कोषको व्यवस्था गरिनुको साथै विपदको समयमा आवश्यक हुने उद्दार तथा राहत सामाग्रीको भण्डारण गरिनेछ ।
- गाँउपालिकामा विपदको समयमा तत्काल परिचालन गर्न Rapid Response Teamगठन गरि सुरक्षा निकायसँगको समन्वयमा तालिम प्रदान गरिनेछ। साथै प्रकृतिक प्रकोप तथा विपद परेका व्यक्ति तथा घरपरिवारलाई विपदको प्रकृति हेरि राहत सहयोग गरिनेछ।
- गाँउपालिकामा भित्रै फलफुल, जडीबुटी र  अन्य बनस्पतिजन्य बोटबिरुवाको नर्सरी स्थापना गरिनेछ। वातावरण संरक्षणका लागि व्यक्तिगत तथा सार्वजनिक जमिनमा हरियाली प्रबर्द्धन तथा आय आर्जनमा समेत योगदान पुग्ने गरी आगामी आर्थिक बर्ष भित्र विभिन्न जातका फलफुलका

बिरुवा वृक्षारोपण गरिनेछ। वनजंगलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरिनेछ।

- सडक संजालको विस्तारको कारण जोखिम भएका बस्ती तथा क्षेत्रमा संरक्षणको लागि आवश्यक तार जाली व्यवस्था गरि जनसहभागितामा कार्यक्रम संचालनमा गरिनेछ।

<u>५. सुशासन तथा संस्थागत विकास</u>

- कर्मचारीहरुको क्षमता विकासको कार्यक्रम संचालन गरी सबै कर्मचारीहरुलाई सुचना प्रविधि सीपयुक्त बनाइनुको साथै कर्मचारीहरुलाई पेशागत प्रशिक्षणमा सहभागी गराइनेछ।
- संघ तथा प्रदेश सरकारको घोषणा बमोजिम यस गाउँपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको पारिश्रमिक १५ प्रतिशतले बृद्धि गरिनेछ साथै साविकमा दिदै आएको २ हजार महङ्गी भत्ता यथावत प्रदान गरिनेछ।
- कर्मचारिहरुलाई प्रोत्साहन गर्न गत आर्थिक वर्षमा दिइ आएको सुविधाहरु निरन्तरता दिइनेछ।
- गाउँपालिकामा बजेट निर्माण तथा लेखा सम्बन्धी कार्यहरु SuTRA प्रणालीबाट संचालन हुँदै आएकोमा आगामी वर्षबाट विद्युतीय सेवाको विकास र विस्तारको लागि योजना, जिन्सी र राजस्व सम्बन्धी कार्यहरु सफ्टवयर प्रणालीबाट संचालनको लागि आवश्यक व्यवस्था गरिनेछ। कार्यलयहरुमा विद्युतीय हाजिरी, कम्प्यूटर तथा इटरनेटको प्रयोग प्रभावकारी बनाइनेछ।
- सबै व्यक्तिगत घटनादर्ताका हाल सम्मको अभिलेखलाई डिजिटाईजेसन गरि सुरक्षित राखिनेछ।
- प्राकृतिक प्रकोप तथा भवितव्य घटनाहरुबाट कार्यालयको लेखा तथा प्रशासनिक अभिलेखको संरक्षणको लागि अभलेखहरुलाई डिजिटाइजेसन (Digitization) गरी सुरक्षित गरिनेछ।
- अनुगमन मूल्याङ्कन प्रणाली सम्बन्धी कानुन/कार्यविधि निर्माण गरि गाउँपालिकाको सेवा प्रवाह तथा आयोजना कार्यान्वयनको प्रभावकारी अनुगमन तथा मुल्याङ्कन गरिनेछ।
- सार्वजानिक सुनुवाई कार्यविधिलाई निर्माण गरि कार्यन्वयनमा ल्याईनेछ । सुशासनका अन्य औजारहरुलाई क्रमशः कार्यन्वयनमा ल्याईने छ। समय भित्र पेश्की तथा बेरुजु फछ्यौंटलाई प्रथमिकता दिइनेछ।
- नुवाकोट जिल्लाभित्र प्रकाशन तथा प्रशारण हुने संचार माध्यमहरुलाई लोक कल्याणकारी विज्ञापनको रुपमा आवश्यक सहयोग उपलब्ध गराइनेछ। म्यागङ गाउँपालिकाको विकास सम्बन्धी सकारात्मक समाचार सम्प्रेषण गर्ने पत्रकार छनौट गरी विकास पत्रकारीता पुरस्कार प्रदान गरिनेछ।

- नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा पुरानो नाङ्गो तार हटाई ABC केबुललाई जडान गरिनेछ।
- गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रम अनुसार संघसंस्था संग साझेदारीमा कार्य गर्न साझेदारी कोष राखिनेछ।
- यस आर्थिक वर्षमा यसै गाउँपालिकाको सक्षम जनशक्तिहरुलाई लोकसेवा/शिक्षकसेवाको कक्षा संचालन मार्फत सरकारी सेवा निजामती सेवामा प्रवेशको लागि सहयोग गरिनेछ।

**राजश्व तर्फः**

- यस गाउँ पालिकाले आगामी आर्थिक वर्षव्यवसायिक कर योजनालाई समेटेर विकास साझेदार संग सहकार्य गरी राजश्व सुधार कार्ययोजना संचालनमा ल्याई राजश्वको दर भन्दा दायरा बढाउने नीति अबलम्बन गरिनेछ ।
- आम जनता र व्यवसायीलाई राजश्वको महत्वबारे जनचेतना बृद्दि गर्न कर शिक्षामा बिशेष जोड दिईनेछ।
- दलित, एकल महिला, अपांग, भूकम्पबाट बिस्थापित ब्यबसायीलाई करमा सहुलियत गर्ने नीति लिईनेछ। साथै गाउँपालिकालाई सबै भन्दा बढी कर तिर्ने व्यक्ति र ब्यबसायिक संस्थालाई सम्मान गर्ने ब्यबस्था गरिनेछ।

धन्यवाद।

**श्रीमान गाउँसभा अध्यक्ष ज्यू,**

वर्तमान संविधानको संवैधानिक मर्म बमोजिम आज असार १० गते आगामी आर्थिक वर्ष को नीति तथा कार्यक्रम कार्यान्वयनको लागि बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेको छु। सर्वप्रथम संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त विविध अनुदानहरु र राजश्व बाडफाँड साथै म्यागङ गाउँपालिकाको आन्तरिक स्रोतबाट देहाय बमोजिमको आय र विनियोजन प्रक्षेपण गरिएको छ।

आय तर्फ

| क्र. स. | शिर्षकहरु | रकम रु. |
|---|---|---|
| **क** | **संघ सरकार** | **३२,२५,४७,०००** |
| १ | राजश्व बाँडफाँडबाट | ६,५९,४७,००० |
| २ | समानिकरण अनुदान | ७,७८,००,००० |
| ३ | शसर्त अनुदान चालु | १४,७१,००,००० |
| ४ | शसर्त अनुदान पुँजीगत | १,७७,००,००० |
| ५ | विशेष अनुदान चालु | ० |
| ६ | विशेष अनुदान पुँजीगत | १,४०,००,००० |
| ७ | समपुरक अनुदन चालु | ० |
| ८ | समपुरक अनुदन पुँजीगत | ० |
| **ख** | **प्रदेश सरकार** | **७,४६,३२,०००** |
| १ | राजश्व बाँडफाँडबाट | १,६३,८९,००० |
| २ | समानिकरण अनुदान | ६३,६८,००० |
| ३ | शसर्त अनुदान चालु | २,२१,६४,००० |
| ४ | शसर्त अनुदान पुँजीगत | ० |
| ५ | विशेष अनुदान चालु | ० |
| ६ | विशेष अनुदान पुँजीगत | ० |
| ७ | समपुरक अनुदन चालु | ० |
| ८ | समपुरक अनुदन पुँजीगत | २,९७,११,००० |
| **ग** | **आन्तरिक स्रोत** | **२०,००,०००** |
| | **जम्मा** | **३९,९१,७९,०००** |

श्रीमान गाउँसभा अध्यक्ष ज्यू,

<u>विनियोजन तर्फ</u>

| क्र. स. | विनियोजन शिर्षकहरु | रकम रु. |
|---|---|---|
| १ | संघीय शसर्त अनुदान (चालु) मा तोकिएका शिर्षकहरुमा | १४,७१,००,००० |
| २ | संघीय शसर्त अनुदान (पुँजीगत) मा तोकिएका शिर्षकहरुमा | १,७७,००,००० |
| ३ | संघीय विशेष अनुदान (पुँजीगत) मा तोकिएका शिर्षकहरुमा | १,४०,००,००० |
| ४ | प्रदेश शसर्त अनुदान (चालु) मा तोकिएका शिर्षकहरुमा | २,२१,६४,००० |
| ५ | प्रदेश समपूरक अनुदान (पुँजीगत) मा तोकिएका शिर्षकहरुमा | २,९७,११,००० |
| ६ | चालु तर्फ | १२,३५,१४,५०० |
| ७ | पुर्वाधार विकास | १,८५,८९,५०० |
| ८ | धार्मिक/सामाजिक/साँस्कृतिक | ३०,००,००० |
| ९ | लक्षित वर्ग | २,००,००० |
| १० | पर्यटन | २५,००,००० |
| ११ | स्वास्थ्य | २१,००,००० |
| १२ | शिक्षा (६५ लाख) तथा खेलकुद (५० लाख) | १,१५,००,००० |
| १३ | सूचना प्रविधि | ५,००,००० |
| १४ | सहकारी | २,००,००० |
| १५ | खानेपानी तथा सिंचाई | ३०,००,००० |
| १६ | कृषि तथ पशु | १५,००,००० |
| १७ | सामरी भञ्याङ क्याम्पस अनुदान | १५,००,००० |
| १८ | नेपाल रेडक्रस रक्त संचार सेवा केन्द्र नुवाकोट | ४,००,००० |
| | **जम्मा** | **३९,९१,७९,०००** |